प्रदेश सरकार

# सामाजिक विकास मन्त्रालय

बागमती प्रदेश

हेटौंडा, मकवानपुर, नेपाल

**नोभल कोरोना भाइरस (COVID-19) सम्बन्धि दैनिक प्रतिवेदन**

मितिः २०७७/०२/१५

## १) मुख्यमुख्य क्रियाकलापहरुः-

- ललितपुर महानगरपालिका-२२, बुङमतीका ५६ वर्षिया पुरुष ०२/११ गतेका दिन किष्ट अस्पतालमा भर्ना भई ICU मा कलेजोसम्बन्धी रोगको उपचार हुने क्रममा, ०२/१४ गते दुखद् मृत्यु भएको छ (०२/१२ मा नमुना संकलन गरिएको र कोभिड-१९ संक्रमण भएको पुष्टि भएको) । मृतकप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्न चाहन्छौं । धैर्यता र सहयोगको लागि सम्बन्धित सबैमा हार्दिक अनुरोध गर्न चाहन्छौं । संक्रमितका सम्पर्कमा आएका व्यक्तिको (Contact tracing) लगायत अन्य आवश्यक व्यवस्थापन स्वास्थ्य कार्यालय ललितपुर र इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखाको समन्वयमा द्रुत रुपमा भईरहेको छ।

- आज नै संक्रमण पुष्टि भएका दोलखाका ७६ वर्षिया पुरुष स्वास्थ्य संस्थाको सम्पर्कमा हुनुहुन्छ र संक्रमितको सम्पर्कमा आएका व्यक्तिको (Contact tracing) लगायत अन्य आवश्यक व्यवस्थापन स्वास्थ्य कार्यालय दोलखा, स्थानीय स्वास्थ्य संस्था, स्थानीय पालिकाबाट परिचालन भएको टोलीले निरन्तर रुपमा गरिरहेको छ।
- स्वास्थ्य कार्यालय, मकवानपुरका प्रमुखसहितको टोलीबाट भिमफेदी गाँउपालिकाबाट सञ्चालन भएको २५ बेडको क्वारेन्टाइनको अवलोकन साथै दादुरा-रुबेला अभियानको समेत निरन्तर सञ्चालनको लागि आवश्यक प्राविधिक कार्य भईरहेको छ ।

- विभिन्न जिल्लामा भएका कोभिड-१९ संक्रमित व्यक्तिहरुको सम्बन्धित जिल्लाको स्वास्थ्य कार्यालय, स्थानीय नगरपालिका, गाउँपालिका, स्थानीय स्वास्थ्य संस्था एवम् अस्पतालहरु मार्फत संक्रमितको सम्पर्कमा आएका व्यक्तिको खोजी (Contact tracing), Contacts हरुको फलो-अपलगायत अन्य आवश्यक व्यवस्थापन निरन्तर रुपमा भईरहेको छ।

## २) महामारीको हालको अवस्थाः-

- नेपालमा हाल सम्ममा जम्मा १०४० जनामा संक्रमण देखिएकोमा बागमती प्रदेशमा जम्मा ४२ जनामा संक्रमण देखिएको छ, जसमा एक सुत्केरी महिला र एक ५६ वर्षिया पुरुषको दुखद् मृत्यु भएको छ । हाल सम्ममा बागमती प्रदेशमा संक्रमितहरु मध्ये ११ जना निको भई डिस्चार्ज भईसकेको अवस्था छ।

- हाल नेपालमा संक्रमण बाहिरबाट नेपालमा आउनेमा र संक्रमित व्यक्तिबाट स्थानीय तहमा झुण्ड-झुण्ड रुपमा सरेको (Sporadic cases) देखिएको छ।

## ३) कोरोना भाइरस (कोभिड-१९) रोकथाम, नियन्त्रण तथा प्रतिकार्य सम्बन्धि दैनिक प्रतिवेदनः-

- आज मिति २०७७।०२।१५ गते दिउँसो २ बजे सम्ममा बागमती प्रदेश अन्तर्गत COVID-१९ को रोकथाम, नियन्त्रण र उपचार सम्बन्धी भएका गतिविधिहरूको विवरण निम्नबमोजिम रहेको छ, हेटौडामा रहेको VBDRTC को प्रयोगशालामा COVID-१९ को परीक्षणको लागि प्राप्त भएको स्वाब(स्याम्पल) मध्ये ७० वटा हुने क्रममा छ र ७९ वटा हुन बाँकी छ। हालसम्म VBDRTC को प्रयोगशालामा COVID-१९ को परीक्षणको लागि १६५३ वटा स्वाब(स्याम्पल) प्राप्त भएको छ ।

- यसको अतिरिक्त हालसम्म यस प्रदेशमा २५१०९ RDT बाट परीक्षण गरिएकोमा ४७१ वटामा पोजिटिभ देखिएको छ ।आज गरिएको २४५ वटा RDT परीक्षणमा कुल ६ वटा पोजिटिभ देखिएको छ।

## ४) क्वारेन्टाइन, आइसोलेसन, आर.डी.टि .(RDT), पी.सि.आर.(PCR) परिक्षण सम्बन्धि विवरणः-

| जिल्ला | क्वारेन्टाईन | | होम क्वारेन्टाइनमा रहेका | आइसोलेसन | | RDT किटबाट गरिएको परिक्षण | | | संकलित नमुना (RT-PCR) | | | कै |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | बेड | बसेका | | बेड | बसेका | जम्मा | नेगेटिभ | पोजेटिभ | जम्मा | नेगेटिभ | पोजिटिभ | |
| काठमाण्डौ | 799 | 0 | 0 | 244 | 0 | 9405 | 9120 | 285 | 3213 | 3206 | 7 | (+9) |
| ललितपुर | 137 | 2 | 0 | 124 | 3 | 2410 | 2397 | 13 | 1329 | 1329 | 0 | (+2) |
| भक्तपुर | 313 | 0 | 0 | 42 | 4 | 1673 | 1670 | 3 | 994 | 992 | 2 | (+2) |
| रसुवा | 283 | 9 | 2 | 35 | 4 | 468 | 460 | 8 | 15 | 15 | 0 | |
| नुवाकोट | 688 | 234 | 71 | 16 | 1 | 1650 | 1615 | 35 | 237 | 236 | 1 | |
| धादिङ | 962 | 140 | 0 | 20 | 5 | 1874 | 1836 | 38 | 158 | 157 | 1 | (+2) |
| चितवन | 300 | 19 | 0 | 302 | 12 | 1102 | 1099 | 3 | 1185 | 1183 | 2 | (+4) |
| सिन्धुली | 304 | 142 | 0 | 32 | 0 | 1243 | 1211 | 32 | 97 | 97 | 0 | (+1) |
| मकवानपुर | 263 | 51 | 0 | 35 | 54 | 1197 | 1188 | 9 | 434 | 434 | 0 | (+5) |
| रामेछाप | 331 | 50 | 54 | 71 | 1 | 770 | 764 | 6 | 43 | 43 | 0 | (+1) |
| दोलखा | 160 | 0 | 0 | 41 | 0 | 606 | 606 | 0 | 27 | 27 | 0 | (+1) |
| काभ्रे | 467 | 71 | 50 | 13 | 1 | 1765 | 1728 | 37 | 686 | 686 | 0 | (+1) |
| सिन्धुपाल्चोक | 536 | 97 | 102 | 35 | 1 | 946 | 944 | 2 | 311 | 311 | 0 | (+1) |
| जम्मा | 5543 | 815 | 279 | 1010 | 86 | 25109 | 24638 | 471 | 8729 | 8716 | 13 | (+29) |

+ सम्बन्धित जिल्लाभन्दा अन्यत्रबाट प्राप्त विवरण अनुसार

## ५) बागमती प्रदेशमा संक्रमितहरुको विवरण (२०७७/०२/१५ गते, दिउँसो २:०० सम्मको विवरण):-

| क्र. स. | जिल्ला | कोभिड-१९ संक्रमितको संख्या | | | अन्य विवरण |
|---|---|---|---|---|---|
| | | जम्मा | उपचाररत | डिस्चार्ज भएका | |
| १ | काठमाण्डौ | १६ | ११ | ५ | |
| २ | चितवन | ६ | ४ | २ | |
| ३ | भक्तपुर | ४ | २ | २ | |
| ४ | धादिङ | ३ | १ | २ | |
| ५ | मकवानपुर | ५ | ५ | ० | |
| ६ | काभ्रे | १ | १ | ० | |
| ७ | सिन्धुपाल्चोक | १ | ० | ० | २०७७/०२/०३ मा मृत्यु भएको पुष्टि भएको |
| ८ | ललितपुर | २ | १ | ० | २०७७/०२/१४ मा मृत्यु भएको पुष्टि भएको |
| ९ | सिन्धुली | १ | १ | ० | |
| १० | रामेछाप | १ | १ | ० | |
| ११ | नुवाकोट | १ | १ | ० | |
| १२ | दोलखा | १ | १ | ० | |
| | जम्मा | ४२ | २९ | ११ | (२ मृत्यु) |

स्रोतः सामाजिक विकास मन्त्रालय, बागमती प्रदेश; HEOC (२०७७/०२/१५); स्वास्थ्य तथा जनसंख्या मन्त्रालय मिडिया ब्रिफिंग (२०७७/०२/१५)

## ६) टेक्निकल अपडेटः-

- **संक्रमितको निकट सम्पर्कमा रहेको व्यक्तिः**

  सम्भावित संक्रमित वा संक्रमण सुनिश्चित भएको व्यक्तिसँग लक्षण देखिएकोदिन भन्दा २ दिन पहिले वा लक्षण देखिएपछिका १४ दिन सम्ममा देहाय बमोजिम कुनै पनि प्रकारको सम्पर्कमा आएका व्यक्तिहरुः

  १. निजसँग १ मिटर वा सो भन्दा नजिकैको दुरीमा १५ मिनेट वा सो भन्दा बढी समय व्यतित गरेको,

  २. नीजसँग प्रत्यक्ष शारीरिक संसर्गमा आएको,

  ३. व्यक्तिगत सुरक्षण सामाग्री (PPE)बीना नै संक्रमितलाई प्रत्यक्ष स्वास्थ्य स्याहार तथा हेरचाह गरेको,

  ४. हवाइजहाजमा यात्रा गर्दा नीज बसेको सिटभन्दा दुई सिट अघि, पछि, दायाँ वा बायाँ रहेका अन्य सिटमा बसी यात्रा गरेको ।

***नोटः*** *लक्षण नदेखिएता पनि प्रयोगशाला परिक्षणको नतिजाबाट संक्रमण पुष्टि भएको अवस्थामा, पोजिटिभ नतिजा आएको नमुना संकलन भएका मिति अघिः (स्थानीय संक्रमण पुष्टि भएको स्थानमा बसोबास भएको वा त्यस्तो स्थानको यात्रा गरी फर्किएको वा सम्भावित वा शंकास्पद वा संक्रमण निश्चित भएका व्यक्तिहरुसँग निकट सम्पर्कमा रहेको दिन देखि उक्त नमुना संकलन गरेको १४ दिन पछि सम्मको अवधिलाई सम्पर्क अवधि मान्नु पर्नेछ ।)*

- **संक्रमितको निकट सम्पर्कमा रही संक्रमणको उच्च जोखिम रहेको व्यक्तिः**

  १. सम्भावित संक्रमित, शंकास्पद संक्रमित वा संक्रमण सुनिश्चित भएको व्यक्तिसँग एकाघरमा बस्ने व्यक्तिहरु,

  २. निजहरु बिरामी भएको अवस्थामा आवश्यक सावधानी नअपनाई स्वास्थ्य स्याहार गर्ने व्यक्तिहरु,

  ` र

  ३. गर्भवती, मधुमेहका रोगी, अन्य दीर्घ रोग भएका व्यक्तिहरु र ६० वर्ष उमेर नाघेका व्यक्तिहरु।

➢ **शंकास्पद संक्रमितः**

ज्वरो (१००.४•Fभन्दा बढीवा खोकि वा श्वासप्रश्वासमा समस्या आएको र कोभिड १९ को स्थानीय संक्रमण पुष्टि भएको स्थानमा बसोबास भएको वा त्यस्तो स्थानको यात्रा गरी फर्किएको वा कोभिड १९ का सम्भावित वा शंकास्पद वा संक्रमण निश्चित भएका व्यक्तिहरुसँग निकट सम्पर्कमा रहेको वा अस्पतालमा भर्ना गर्न आवश्यक भएको तर कोभिड १९ संक्रमण बाहेक भर्ना हुनाको अन्य कारण पुष्टि हुन नसकेको ।

➢ **सम्भावित संक्रमितः**

कोभिड-१९ का लागि नमुना परिक्षणको नतिजाको निश्कर्ष आइनसकेको वा कोभिड-१९ स्क्रिनिंगबाट शंकास्पद संक्रमित भन्ने पहिचान भएको तर कोभिड-१९ नै हो भन्ने यकिन भइनसकेको ।

➢ **संक्रमण सुनिश्चित भएकोः**

क्लिनिकल लक्षण तथा चिन्हहरु भए वा नभएता पनि प्रयोगशालाबाट संक्रमण पुष्टि भएका व्यक्तिहरु ।

➢ **कोभिड(१९ बाट मृत्युः**

कोभिड(१९ बाट मृत्यु भन्नाले कोभिड-१९ संक्रमण पुष्टि भएको वा सम्भाव्य केसमा मृत्युको अन्य स्पष्ट वैकल्पिक कारणहरु ( जस्तैः ट्रमा) प्रमाणित नभएमा बुझिन्छ ।

➢ **क्वारेन्टाईन :**

बिरामी नभएको र कुनै पनि लक्षण नदेखिएको व्यक्ति तर बिरामी वा संक्रमित क्षेत्र संग सम्पर्कमा आएको हुनाले रोग देखिन सक्ने उच्च जोखिमलाई मध्यनजर गर्दै सो ब्यक्तिलाई निश्चित समय सम्म अरुबाट टाढा राख्ने ब्यवस्था।

➢ **आइसोलेशन :**

संक्रमण पुष्टि भइसकेको र सम्भावित केशले अरूलाई संक्रमण सार्न सक्ने भएकाले छुट्टै कक्षमा राखि उपचार गर्ने ब्यवस्था ।

**यस्तै कोभिड १९का प्राविधिक मार्गदर्शन र थप जानकारीका लागि निम्न उल्लेखित वेब पेज हेर्नुहोला।**

https://covid19.mohp.gov.np/#/

https://heoc.mohp.gov.np/update-on-novel-corona-virus-covid-19/

http://edcd.gov.np/news/links-for-covid-19-news-and-information

https://www.nphl.gov.np/page/ncov-related-lab-information

https://nheicc.gov.np/corona-virus-health-message/

https://www.who.int/emergencies/diseases/novel-coronavirus-2019

https://www.cdc.gov/coronavirus/2019-ncov/index.html

## ७) आम जनसमुदायलाई अनुरोध र सुझावहरुः-

हाल विश्व महामारीको रुपमा रहेको कोभिड-१९ रोगबाट बच्न आवश्यक सावधानी अपनाएर एक जिम्मेवार नागरिकको कर्तव्य निभाउनु हामी सबैको दायित्व हो तसर्थ लकडाउनको पालना गरौं, सामाजिक दुरी कायम गरौं र संक्रमणबाट आफु पनि बचौ, अरुलाई पनि बचाऔं ।

**अन्त्यमा सदाझै यहाँहरूको अमूल्य सुझाव र सहयोगको अपेक्षा गर्दछौं।**

**धन्यवाद !**

प्रवक्ता (COVID-१९)

डा. पुरुषोतम राज सेढाई